# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७४/१२/१२ गते

# प्रेस विज्ञप्ति

**विषय: Intelligence Analysis and Sting Operations तालिम कार्यक्रम**

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको रणनीतिक योजना "२०१४ देखि २०१९" सम्ममा क्षमता विकासलाई उच्च प्राथमिकता दिइ "आयोगको मानव संशाधन क्षमता विकास गर्ने" रणनीति अनुरुप अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालद्वारा आयोगका कार्यालयहरुको सूचना संकलन र स्टिंङ कारवाही सम्बन्धी क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ आयोगका कार्यालयहरु पोखरा र बुटवललाई लक्षित गरी मिति २०७४/१२/१२ गतेदेखि मिति २०७४/१२/१६ गतेसम्म ५ (पाँच) दिने "Intelligence Analysis and Sting Operations" तालिम कार्यक्रम पोखरामा आजबाट सञ्चालन गरिएको छ। यस तालिमको मुख्य उद्देश्य भ्रष्टाचारजन्य कसुरको सम्बन्धमा सुचना संकलन र निग्रानीको बारेमा जानकारी दिनु साथै आयोगको कार्यालयहरुले स्टिंङ कारवाही र रंगेहात पक्राउ गर्ने शिप, ज्ञान र क्षमता अभिवृद्धि गर्नु रहेको छ ।

यस तालिमको उद्घाटन कार्यक्रममा प्रमुख अतिथिको रुपमा प्रदेश नम्बर ४ का प्रमुख सचिव, लक्ष्मण अर्याल, विशिष्ठ अतिथि, प्रदेश नम्बर ४ का प्रहरी प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक कमल सिंह बम रहनु भएको थियो । उक्त कार्यक्रममा आयोगको कार्यालय, पोखराका प्रमुख सह-सचिव यदु प्रसाद पन्थीले कार्यक्रमको अध्यक्षता गर्नुभएको थियो । त्यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रशासन महाशाखा प्रमुख सह-सचिव काली प्रसाद पराजुली, प्रहरी महाशाखा प्रमुख प्रहरी नायव महानिरीक्षक उत्तम कुमार कार्की, क्षेत्रीय प्रहरी सशस्त्र गणका गणपति तथा आयोगको कार्यालय पोखराका अधिकृत स्तरका सम्पुर्ण कर्मचारीहरुको पनि उद्घाटन कार्यक्रममा उपस्थिति रहेको थियो ।

यस तालिममा आयोग र अन्तर्गतका कार्यालयहरु बुटवल र पोखराका जम्मा २० जना प्रशिक्षार्थीहरु सहभागी भएका छन् यस तालिममा आयोगको केन्द्रिय कार्यालय टङ्गालबाट तीन जना प्रशिक्षकहरुले प्रशिक्षण दिनुहुनेछ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता